**प्रतिनिधि सभाका सम्माननीय सभामुख,**
**राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष,**
**माननीय सदस्यहरू,**

१. भर्खरै सम्पन्न प्रतिनिधि सभाको निर्वाचनपछिको सङ्घीय संसदको संयुक्त सदनको पहिलो बैठकलाई सम्बोधन गर्न पाएकोमा गौरवान्वित छु। सर्वप्रथम, प्रतिनिधि सभा र प्रदेश सभामा विजयी हुनुहुने सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक बधाई दिँदै नेपाल र नेपालीको बृहत्तर हितका लागि यहाँहरूको कार्यकाल सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु। सङ्घ तथा प्रदेश सरकारहरूले आफ्नो समग्र ध्यान मुलुकको हितका लागि केन्द्रित गरी जनताका आशा, विश्वास र भरोसाको सम्बोधन हुनेगरी कार्यसम्पादन गर्नेछन् भन्ने विश्वास गर्दछु।

२. प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न गर्न आ-आफ्नो तर्फबाट भूमिका खेल्ने नेपाल सरकार, निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, राजनीतिक दल तथा सम्पूर्ण मतदाताहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

३. नेपालको संविधान कार्यान्वयनको सात वर्षको अभ्यास र अनुभव हाम्रा लागि महत्त्वपूर्ण छन्। संविधानअनुसार राज्यका तीनै तहमा दोस्रो कार्यकालको निर्वाचन सम्पन्न भएको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रका आधारस्तम्भहरू संस्थागत भएका छन्। संविधान कार्यान्वयन, सङ्घीय शासनव्यवस्था सञ्चालन र लोकतन्त्रको व्यावहारिक सुदृढीकरणका लागि हामीले अवलम्बन गरेका नीति, निर्माण गरिएका कानून र प्रक्रियागत सुधारका कारण राजनीतिक स्थायित्व कायम भएको छ। देशलाई यहाँसम्म ल्याई पुऱ्याउन जनताले विगतमा गरेको राजनैतिक सङ्घर्षको स्मरण गर्दै यस घडीमा अग्रजहरूप्रति सम्मान र अमर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु।

**माननीय सदस्यहरू,**

४. वर्तमान सङ्घीय संसदको साथै यस अगाडिका आम निर्वाचनबाट गठित सङ्घीय संसद र माननीय सदस्यहरूले राष्ट्रपतिको रूपमा मलाई कार्यसम्पादन गर्न पुऱ्याएको सहयोगप्रति हार्दिक आभार प्रकट गर्दछु। साथै, विभिन्न समयमा गठन भएका सरकार तथा त्यसमा संलग्न राजनैतिक दलका प्रतिनिधिहरूको सहयोग र सद्भावका लागि म सबैलाई धन्यवाद व्यक्त गर्न चाहन्छु।

५. राष्ट्रपतिको हैसियतमा करिब सात वर्ष मेरो कार्यकालमा मैले हासिल गरेको अनुभवसमेतका आधारमा देश र जनताका लागि सङ्घीय संसद र सरकारले गर्नुपर्ने केही विषयहरू राख्न चाहन्छु।

६. देशको राजनीतिले एउटा लय र गति समातिसकेकोले अब हाम्रो ध्यान विकास, समृद्धि र नागरिकलाई सुखी बनाउनेतर्फ केन्द्रित हुनुपर्दछ भन्ने मैले ठानेको छु। संविधानले मार्गदर्शन गरेबमोजिमको स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने दिशामा राज्यका सम्पूर्ण अङ्ग तथा निकायहरूले सङ्कल्प गरी त्यसको कार्यान्वयनमा आफुलाई परिचालित गर्नुपर्दछ भन्ने मलाई लागेको छ। निश्चय पनि यसबीचमा देशको आर्थिक-सामाजिक क्षेत्रमा धेरै नै प्रगति भएका छन्। विकास निर्माणले गति लिएको छ। तर यो गति पर्याप्त छ त? हरेक नागरिकको विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न हामीले गरेको प्रयासले सार्थकता पाएको छ त? यी प्रश्नहरूको जवाफलाई केन्द्रमा राखेर अबका हाम्रा कामकारबाही अगाडि बढ्नुपर्दछ।

७. देशको आर्थिक अवस्था जटिल मोडमा रहेको विषयप्रति सबै जानकार र चिन्तित छौं। अर्थतन्त्रमा देखिएका तत्कालीन, अल्पकालीन र दीर्घकालीन समस्याको समाधान खोज्नु जरुरी छ। अर्थतन्त्रका सूचकहरूमा पछिल्लो समय केही सकारात्मक सङ्केत देखापरेको भए तापनि यसको दिगोपनामा आश्वस्त भइहाल्ने अवस्था देखिएको छैन। मौद्रिक तरलताको समस्या, लगानीका लागि यथेष्ट स्रोतको अभाव र बाह्य कारणसमेतले गर्दा उत्पादन क्षेत्र मजबुत हुन सकेको छैन। कमजोर आर्थिक वृद्धिदर, बढ्दो दरको मुद्रास्फीति र बढ्दै गएको अन्तर्राष्ट्रिय व्यापार घाटाको स्थितिलाई सम्बोधन गर्ने प्रमुख पक्ष उत्पादन क्षेत्रको सुधारमा हामी सबै गम्भीर बन्नुपर्दछ।

८. विश्वव्यापीकरणको यो युगमा आर्थिक विकासका लागि हाम्रो आफ्नैमात्र प्रयास पर्याप्त हुँदैन, न त अर्थतन्त्रको समस्या मुलुकभित्रको कारणले मात्र देखापर्दछ। कोभिड-१९ को महामारीका कारण विश्व अर्थतन्त्रमा परेको प्रभावबाट स्वाभाविक रूपमा नेपालमात्र अछुतो रहेको छैन। हाम्रो अर्थतन्त्रको कतिपय समस्या उतारचढावपूर्ण विश्व अर्थतन्त्र, कोभिड र डेङ्गी लगायतका महामारी तथा विविध बाह्य कारणबाट पनि सिर्जित भएका हुन्। तथापि यिनैलाई मात्र कारण देखाएर पन्छिने सुविधा भने हामीलाई छैन। अर्थतन्त्रको सुदृढीकरणमा हामीले गम्भीर पाइला चाल्न जरुरी भै सकेको छ।

९. अर्थतन्त्रमा प्रभाव पार्ने आन्तरिक र बाह्य कारणको समग्र अध्ययन गरेर सरकारको वित्त नीतिमा संरचनागत सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ। औपचारिक अर्थतन्त्रलाई प्रवर्द्धन गर्न र

संस्थागत गर्नेतर्फ वित्त नीति निर्देशित हुनुपर्ने देखिएको छ। सरकारले आगामी दिनमा राजस्वको क्षेत्र र दायरा विस्तार गरी सबै प्रकारका आर्थिक क्रियाकलापलाई औपचारिक माध्यममा आबद्ध गर्न र राजस्व चुहावटलाई कडाइका साथ नियन्त्रण गर्न आवश्यक नीति तथा उपायहरू अङ्गीकार गर्नेछ भन्ने मैले अपेक्षा गरेको छु।

१०. वित्त नीति र मौद्रिक नीतिको सामञ्जस्यपूर्ण कार्यान्वयनबाट मात्र आर्थिक क्रियाकलाप चलायमान हुन्छ। बैङ्क तथा वित्तीय संस्थाको ब्याजदरमा भएको वृद्धिबाट उत्पन्न सङ्कट हल गर्न तत्काल कदम चाल्न आवश्यक देखिएको छ। तरलता अभावको स्थितिमा ब्याजदर बढ्न गएकाले उत्पादन लागत बढेकोद्योगी व्यापारीलाई मात्र होइन आम उपभोक्तासमेतलाई असर परेको छ। पछिल्ला दिनमा आर्थिक क्षेत्रमा देखिएको समस्याको गहन अध्ययन एवं सम्बन्धित सबै सरोकारवालाहरूसँग छलफल तथा परामर्श गरी उचित निकास निकाल्नुपर्दछ।

११. हामीकहाँ विगत केही वर्षदेखि विनियोजित बजेट त्यसमा पनि पूँजीगततर्फको बजेट पूर्ण रूपमा खर्च हुन सकेको छैन। एकातिर पूँजी निर्माणका लागि बजेट नै कम विनियोजन हुने र अर्कोतिर भएको पूँजीगत बजेट पनि कम मात्र खर्च हुँदा पूँजी निर्माण कमजोर हुने मात्र नभई यसबाट अन्य आर्थिक क्रियाकलापमा सुस्तता आई सरकारी राजस्व समेत घटिरहेको अवस्था छ। यसले देशको आर्थिक वृद्धिलाई तीव्रतर बनाउने हाम्रो प्रयासमा तगारो सिर्जना गरेको छ। लक्ष्यअनुसार राजस्व नउठ्दा र वैदेशिक सहायताको परिचालन पनि न्यून हुँदा खर्च धान्न स्वाभाविक रूपमा आन्तरिक ऋणमा चाप पर्न गएको छ। यसलाई सम्बोधन गर्न सरकारले उपयुक्त कदम चाल्नेछ भन्नेमा म विश्वस्त छु।

१२. हाल अर्थतन्त्रको बाह्य क्षेत्रमा देखापरेको चाप केही सहज भए तापनि ढुक्क भइहाल्ने स्थिति छैन। विशेषगरी बढ्दो व्यापार घाटा कम गर्न आन्तरिक उत्पादन र निर्यात वृद्धिका उपाय खोज्नुपर्ने देख्दछु। हाम्रो अर्थतन्त्रको संरचना नै आयातमुखी भएकाले यसमा परिवर्तन नगरी व्यापार घाटा तत्कालै घटाउन कठिन हुन्छ। तसर्थ निर्यात प्रवर्द्धनका लागि हालसम्म गरिएका प्रयासको गम्भीर समीक्षा गरी उत्पादन परिमाण र लागत तथा लगानी, उपभोग र गुणस्तरलाई एकीकृत रूपमा सम्बोधन गर्दै व्यापार सन्तुलन कायम गर्नेतर्फ सरकारका नीति तथा कार्यक्रम परिलक्षित हुनुपर्नेछ।

**माननीय सदस्यहरू,**

१३. अर्थतन्त्र सुधार्न आन्तरिक उत्पादनको क्षेत्र सबल बन्नुपर्ने भएकाले सरकारले छिटोभन्दा छिटो उत्पादन वृद्धिका लागि समन्वयात्मक रूपमा कार्यक्रम कार्यान्वयन गर्नेछ भन्ने मेरो अपेक्षा छ। कृषि अझै पनि हाम्रो तुलनात्मक र प्रतिस्पर्धी लाभको क्षेत्र हो। कृषि क्षेत्रको कार्यक्रमलाई पुनःसंरचना गरी हाल विभिन्न शीर्षकमा दिइने अनुदानलाई एकत्रित गरी उत्पादनको परिमाणका आधारमा उपलब्ध गराउँदा उत्पादन वृद्धिका लागि उत्प्रेरणा मिल्दछ।

१४. रासायनिक मलको नियमित आपूर्तिको व्यवस्था तत्कालै मिलाउनु आवश्यक छ। माटोको गुणस्तर सुदृढ गर्न प्राङ्गारिक र गैर प्राङ्गारिक मलको उचित सम्मिश्रण कायम गर्न प्रोत्साहित गर्नुपर्ने हुन्छ। रासायनिक मल तथा विषादीको प्रयोगबाट माटोमा अम्लीयपन बढ्दै गएकोले जैविक र रासायनिक मलको उचित प्रयोगमा ध्यान दिनु आवश्यक छ ।

१५. कृषिको आधुनिकीकरण र व्यवसायीकरण गरी उच्च स्तरमा उत्पादन र उत्पादकत्व बढाउन, खाद्यान्नमा आत्मनिर्भर हुन र खाद्यसुरक्षा सुनिश्चत गर्दै खाद्यान्न तथा कृषिजन्य वस्तुहरू निर्यात गर्ने दिशामा सरकार अग्रसर हुनु पर्दछ। कृषि उत्पादनलाई केन्द्रमा राखेर मल, बीउ, कृषि प्रसार सेवा, सिँचाई, पूँजी र भूमि व्यवस्थापनसँग सम्बन्धित विषय समेटी एकीकृत र समन्वयात्मक कार्यक्रम सञ्चालन हुनु आवश्यक छ। उत्पादन वृद्धि गरेर मात्र पुग्दैन, उत्पादनका साधनको सहज आपूर्ति र उत्पादनको बजारीकरणको उपयुक्त व्यवस्था हुन आवश्यक छ। यसो हुनसके मात्र आन्तरिक वितरण प्रणाली सुदृढ हुने गरी मूल्य शृङ्खला कायम गर्न र किसानले आफ्नो उत्पादनको उचित मूल्य समयमै प्राप्त गर्न सहयोग पुग्ने हुन्छ।

१६. निश्चित खाद्यवस्तुमा आत्मनिर्भर भई बचत हुन जाने उत्पादित खाद्यवस्तुलाई निर्यात समेत गर्न सक्षम हुने गरी कृषिका कार्यक्रम सञ्चालन गर्नसके व्यापार घाटालाई घटाउन मद्दत पुग्नेछ।

१७. नेपालको धेरै स्थानमा हाल पनि निर्वाहमुखी कृषिकै प्रधानता रहेको र कृषिमा काम गर्ने उमेर समूहका नागरिक रोजगारीका लागि विदेशिने गरेकाले कृषियोग्य भूमि ठुलो परिमाणमा बाँझै रहने समस्या पनि देखिएको छ। युवा जनशक्तिलाई देशभित्रै कृषि लगायतका क्षेत्रमा रोजगारीका उचित अवसर सिर्जना गर्न ध्यान दिन आवश्यक छ।

१८. कृषि उत्पादनमा प्रविधिको उपयोग र सो अनुरूपको सीप विकास गर्ने; वैदेशिक रोजगारीमा गएका नेपालीले प्राप्त गरेको ज्ञान, सीप र अनुभवलाई प्रोत्साहन गर्ने र उत्पादनका साधन तथा लगानीको स्रोत एवं प्रविधिमा पहुँच पुर्‍याई सरकारले सहयोग गरी कृषिमा पूर्णकालीन रोजगारी

सिर्जना गर्नु आवश्यक छ। सामूहिक खेती तथा करार खेतीको अवधारणा लागु गर्न सकिएमा कृषियोग्य जमिनको सही उपयोग हुने र कृषि श्रमिकको आपूर्ति समेत सहज हुनजान्छ।

१९. उद्योगधन्दा सञ्चालनका लागि सरकारले आधारभूत पूर्वाधारको व्यवस्था गरी लगानीको वातावरण तयार गर्ने, लगानी सुरक्षा गर्ने र उत्पादनस्थलसम्म आवश्यक पूर्वाधार निर्माण गर्ने कार्यमा ध्यान दिन सकेमा लगानी वृद्धि हुन जानेछ भन्ने मैले विश्वास लिएको छु।

२०. गरिबी न्यूनीकरण गर्न उद्योग क्षेत्रको रोजगारीले सबैभन्दा बढी भूमिका निर्वाह गर्दछ। तसर्थ उद्योग क्षेत्रको रोजगारीलाई उच्च प्राथमिकतामा राख्नुपर्दछ। उद्योगको विकास भएपछि त्यसले सिर्जना गर्ने रोजगारी, अग्र र पृष्ठसम्बन्ध भएका क्षेत्रको विकास र सोबाट पर्ने सकारात्मक प्रभावलाई आकलन गरी बृहत्तर सोचका साथ अघि बढ्नु उपयुक्त हुन्छ। स्वदेशी वस्तुको उत्पादन र उपभोग बढाउन निजी क्षेत्रबाट अघि सारिएका नेपालमै बनाऔँ (मेक इन नेपाल) र नेपालमा बनेको (मेड इन नेपाल) जस्ता कार्यक्रमहरूलाई अझ व्यापकताका साथ मुलुकभर लैजान आवश्यक छ। औद्योगिक क्षेत्रका लागि महत्त्वपूर्ण साधनको रूपमा रहेको विद्युतको सुलभ र नियमित उपलब्धता सुनिश्चित गर्न सकेमा मात्र पनि औद्योगिक उत्पादनको लागतमा कमी आई हाम्रो उत्पादन प्रतिस्पर्धी बन्न सक्दछ।

२१. सूचना प्रविधिको क्षेत्रमा भएको विकासलाई उपयोग गरी अन्य क्षेत्रका उद्योगको सम्भावना खोजी गर्नु आवश्यक छ। अन्य मुलुकबाट ज्याला, सुरक्षा लगायतका कारणले विस्थापित हुने उद्योगहरूलाई नेपालतर्फ आकर्षित गर्नसके वैदेशिक लगानी बढ्नेछ। त्यस्ता उद्योगलाई आकर्षित गर्न गुणस्तर र मूल्य प्रतिस्पर्धी वातावरणको सिर्जना, लगानी सहजीकरण, लगानी फिर्ताको सुनिश्चितता र लगानी सुरक्षाको प्रत्याभूति दिँदै औद्योगिक नीति, वित्त नीति, मौद्रिक नीति तथा विदेशी लगानीसम्बन्धी नीतिको समन्वयात्मक रुपमा कार्यान्वयन गर्नु आवश्यक छ। यसबाट विदेशी लगानी आकर्षित हुने मैले विश्वास लिएको छु।

२२. नेपालको अर्थतन्त्र सुदृढ गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउने पर्यटन क्षेत्रमा पर्यटकहरूको नेपाल बसाइ लम्ब्याउन सुरक्षित वातावरण तथा नयाँ गन्तव्यहरूको खोजी, विकास, विस्तार र प्रचार प्रसार गर्नुपर्ने आवश्यकता देख्दछु। साथै, सरकारले पर्यटकीय वस्तुको विकास, पर्यटनस्थलको पूर्वाधार निर्माण, सेवाको उपलब्धताका लागि सहजीकरण, सेवा र पूर्वाधारको गुणस्तर र नियमन, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा बजारीकरण र सहज पहुँचको व्यवस्था गर्नुपर्दछ। नेपालको मौलिक

सांस्कृतिक सम्पदाको व्यापक प्रचारप्रसार गरी नेपाली सभ्यताको पुनर्जागरणका निम्तिसमेत नेपाल सरकारले पर्याप्त ध्यान दिने विश्वास व्यक्त गर्दछु।

२३. प्रत्येक वर्ष श्रम बजारमा प्रवेश गर्ने जनशक्तिलाई देशभित्रै रोजगारीको व्यवस्था मिलाउन सार्वजनिक र निजी क्षेत्रले सहकार्य गर्नु आवश्यक छ। दैनिक रूपमा भैरहेको प्रतिभा पलायन रोक्न आर्थिक, सामाजिक र पूर्वाधार विकासमा लगानी बढाउनुपर्दछ। श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न र श्रमको उचित प्रतिफल उपलब्ध गराउन सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्य हुनुपर्दछ। देशमा काम गरेर केही हुँदैन भन्ने धारणामा पूर्ण परिवर्तन ल्याउनु पर्छ।

२४. आजका युवा नयाँ कुरा गर्न र सिक्न चाहने हुनाले परम्परागत श्रमका क्षेत्रले मात्र श्रमबजारमा आउने जनशक्तिको अपेक्षा पूरा गर्न सक्दैन। तसर्थ बजारको मागअनुरूपको जनशक्ति उत्पादन गर्न सक्षम हुने गरी शैक्षिक प्रणालीमा सुधार गर्ने तथा सीप परीक्षण गर्ने कार्यलाई एकीकृत ढङ्गबाट अघि बढाउनुपर्दछ।

**माननीय सदस्यहरू,**

२५. सुशासनको व्यवस्था मिलाउन, सदाचार कायम गर्न र आम नागरिकमा राज्यको उपस्थिति छ भन्ने विश्वास पैदा गर्न सार्वजनिक सेवाप्रवाह चुस्त, दुरुस्त हुनुपर्दछ। नागरिकले घरदैलोमै सरकार छ भन्ने अनुभूति गर्नसक्ने गरी सेवाप्रवाहको व्यवस्था मिलाउनुपर्दछ। एकै प्रकारको कागजात भिन्न-भिन्न सरकारी निकायमा प्रस्तुत गर्नुपर्ने बाध्यतालाई तत्काल हटाउन हाल सञ्चालनमा रहेका सरकारी प्रणालीहरूले एक अर्कासँग सजिलै सञ्चार गर्नसक्ने गरी अन्तर-आबद्धता कायम गर्नुपर्दछ।

२६. सङ्घीय सरकारको अगुवाइमा प्रदेश र स्थानीय तहले यस्ता सेवाको सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउनेछन्। नेपालको संविधानको भावनाअनुरूप बढीभन्दा बढी सेवा स्थानीय तहबाट उपलब्ध गराउने र प्रदेश तथा सङ्घीय सरकार विकास निर्माण र नीति निर्माणमा लाग्नु श्रेयष्कर हुन्छ।

२७. सरकारी निकायमा भएका प्रणालीमा सरोकारवालाको सहज पहुँच सुनिश्चित गर्ने र प्रणालीको सुरक्षित प्रयोग गर्ने व्यवस्था तत्कालै मिलाउनु आवश्यक छ। यसका साथै सूचना प्रविधिमा आधारित प्रणाली निर्माण र सञ्चालनका लागि सोहीअनुरूपको पूर्वाधार र जनशक्तिको व्यवस्थामा

यथोचित ध्यान दिनुपर्दछ। तीनै तहका सरकारहरूले यसमा सामञ्जस्यपूर्वक काम गर्नेछन् भन्ने मेरो विश्वास छ।

२८. प्रत्येक नागरिकले भयरहित वातावरणमा आफ्ना दैनिक क्रियाकलाप सञ्चालन गर्नसक्ने गरी शान्ति सुव्यवस्थाको प्रबन्ध मिलाउनु सरकारको प्रमुख कर्तव्य हो। घटना घटिसकेपछि क्रियाशील हुनुभन्दा घटना घट्नै नदिने व्यवस्था गरी नागरिकलाई आश्वस्त तुल्याउनु सरकारको प्रमुख दायित्व हो। सूचना प्रविधिको पहुँचमा विस्तार भएसँगै यसको दुरुपयोग गरी विभिन्न खालका अपराधका घटना घट्नसक्नेतर्फ सचेत रही आमनागरिकमा सोअनुसारको सचेतना जगाउन सरकारले ध्यान दिन आवश्यक छ।

२९. सर्वसुलभ र गुणस्तरीय शिक्षा प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो। संविधानको मौलिक हकको रूपमा व्यवस्था गरिएको शिक्षा सबै क्षेत्रको सशक्तीकरणको पहिलो आधारस्तम्भ हो। दक्ष र उच्च दक्ष जनशक्तिको उत्पादनलाई उच्च प्राथमिकता दिई मानव विकासमा लगानी बढाउँदै जानु आवश्यक छ। कतिपय स्थानीय तहको साक्षरता दर अझै न्यून रहेकाले साक्षरता प्रवर्द्धनका लागि स्थानीय तहलाई आवश्यक स्रोत र साधन उपलब्ध गराउन एवं शिक्षाको गुणस्तर बढाउन सरकारले विशेष ध्यान दिनु आवश्यक छ।

३०. शिक्षा प्रणालीमा गुणस्तर सुधार र जीवनोपयोगी पाठ्यक्रम र सो अनुरुपको पठनपाठनको विकास गर्नुपर्ने देखिएको छ। शिक्षा क्षेत्रको काम गर्ने सोच, शैली र कार्यरत जनशक्तिको दक्षता तथा क्षमतामा व्यापक सुधार गर्नुपर्दछ। शिक्षक र पदाधिकारीलाई कामप्रतिको जिम्मेवारी महसुस गराई शिक्षाको गुणस्तरप्रति जवाफदेही बनाउनु आवश्यक छ।

३१. विद्यालय शिक्षामा बृहत् सुधार गर्दै विश्वविद्यालयहरूलाई "शिक्षाको उत्कृष्ट केन्द्र" को रूपमा विकास गर्दै लैजानुपर्दछ। सार्वजनिक र निजी क्षेत्रको सहकार्यमा विश्वविद्यालयका उत्पादनलाई रोजगारीसँग जोड्नेगरी शिक्षा प्रणालीमा सुधार गर्नु आवश्यक देखिएको छ। शैक्षिक प्रतिष्ठानहरूलाई पठनपाठनका साथै अनुसन्धानमा प्रेरित गरी सरकारी तवरबाट हुने अध्ययन अनुसन्धानमा सहभागी गराउन आवश्यक छ।

३२. शारीरिक, मानसिक र सामाजिक रूपमा स्वस्थ व्यक्तिले मात्र राम्रो प्रतिफल दिने कार्य गर्न सक्दछ। स्तरीय स्वास्थ्यकर्मीको उत्पादन र सही परिचालन, अस्पताल र स्वास्थ्य केन्द्रको स्तरोन्नति एवं औषधिलगायतका स्वास्थ्य सामग्रीको समयबद्ध उपलब्धताबाट मात्र स्वास्थ्य सेवाको गुणस्तर वृद्धि हुन सक्दछ। सामान्य औषधि र न्यूनतम उपचारको अभावमा अकालमा

ज्यान जाने अवस्था आउन नदिन र सबै नागरिकले देशभित्रै विशिष्ट स्वास्थ्य सेवा प्राप्त गर्ने गरी स्वास्थ्य क्षेत्रका कार्यक्रम कार्यान्वयन गर्न ध्यान दिनुपर्दछ। सबै नागरिकले सरल, सुलभ र सहज स्वास्थ्य सेवा प्राप्त गर्न स्वास्थ्य बिमालाई प्रभावकारी बनाउनुपर्दछ।

३३. स्वास्थ्य सेवाको गुणस्तर र सेवाशुल्कका साथै स्वास्थ्य संस्थाको पूर्वाधारको न्यूनतम मापदण्ड तोकी नियमनमा कडाइ गर्नुपर्दछ। सहज स्वास्थ्य सेवाको प्रत्याभूतिलाई सामाजिक संरक्षणको रूपमा समेत हेरिनुपर्दछ। आवश्यक पूर्वाधार निर्माण, जनशक्तिको क्षमता विकास र स्वास्थ्य सामग्री निरन्तर उपलब्ध हुने सुनिश्चित गरी महामारी, विपद् र अन्य त्यस्तै असामान्य परिस्थितिमा स्वस्फूर्त ढङ्गले स्वचालित रूपमा स्वास्थ्य क्षेत्र चलायमान हुने प्रणाली विकास गर्नुपर्दछ। स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सुरक्षाको यथोचित प्रबन्ध मिलाउँदै स्वास्थ्य जनशक्तिको मनोबल उच्च राख्नुपर्दछ।

३४. हालका दिनहरूमा बढ्दै गएको नसर्ने रोगको रोकथामका लागि प्रतिरोधात्मक कार्यक्रममा थप जोड दिनुपर्दछ। नागरिक स्वास्थ्यको सोझो सम्बन्ध नागरिकले उपभोग गर्ने खाद्यवस्तु र तिनबाट प्राप्त हुने पोषणतत्त्वसँग हुने भएकाले पोषणयुक्त खाद्यवस्तु र औषधिमूलोको मापदण्डको नियमित अनुगमन र नियमन गर्ने प्रणालीको विकास गर्न सरकारले ध्यान पुर्‍याउने छ भन्ने विश्वास लिएको छु।

३५. महिला अधिकार र विकासमा नेपालले गरेका प्रयास र हासिल गरेका उपलब्धि कम छैनन्। लैङ्गिक उत्तरदायी बजेट प्रणाली अवलम्बन, लैङ्गिक हिंसाको न्यूनीकरण, राज्यका हरेक क्षेत्र र तहमा महिला प्रतिनिधित्वको सुनिश्चितता एवं महिला शिक्षा तथा स्वास्थ्यमा भएको विकास सन्तोषजनक नै छन्। तथापि यसबाट परेको वास्तविक प्रभाव भने मूल्याङ्कन गरिनुपर्दछ। संविधान र कानूनले प्रत्याभूत गरेका विषयहरू पनि हामीले पूर्ण रूपमा अवलम्बन गर्न अझै बाँकी छ। हामीले जुन सोचका साथ लैङ्गिक विकासको अवधारणा अघि सारेका थियौं, त्यो परिणाम प्राप्त भएको छ छैन, सोको यथार्थ समीक्षा गरी अघि बढ्नुपर्दछ भन्ने मलाई लाग्दछ।

३६. विगतमा भन्दा विद्यालयमा छात्राको उपस्थिति बढेको छ, तर तिनले विद्यालय शिक्षा पूरा गरेका छन्, छैनन्? यसैगरी महिला स्वास्थ्यमासमेत प्रशस्त लगानी गरिएको छ, तर रोग प्रतिरोधात्मक क्षमता विकास गर्न हाम्रा प्रयास पर्याप्त छन् , छैनन्? विचारणीय छ। किन अहिले पनि दुर्गम क्षेत्रमा सुत्केरी हुन नसकेर वा सुत्केरी भएपछिको सामान्य उपचारको अभावमा अकालमा ज्यान गुमाउनुपर्ने अवस्था रहेको छ? किन अहिले पनि महिलाहरू विभिन्न किसिमका सामाजिक

कुरीतिको शिकार भइरहेका छन्? घरेलु हिंसा, यौन हिंसा र अन्य प्रकारका हिंसाबाट महिलाहरूले अझै किन सुरक्षित महसुस गर्न सकिरहेका छैनन्? यी प्रश्नहरूको उत्तर खोजिनु जरुरी छ। हाम्रा नीति तथा कार्यक्रम राम्रा हुँदाहुँदै पनि यिनको प्रभावकारी कार्यान्वयन हुन नसकेको हुँदा यसमा पुनर्विचार गर्न आवश्यक देख्दछु।

३७. बालबालिका भविष्यका असल नागरिक, आशा र भरोसाका केन्द्र हुन्। यिनको लालनपालन, शिक्षा र स्वास्थ्यमा विशेष ध्यान दिनुपर्दछ। अभिभावकहरूको जीवनशैलीमा आएको परिवर्तन तथा सूचना प्रविधिको सहज उपलब्धताले बालमनोविज्ञानमा परेको असर समेतको विश्लेषण गरी बालबालिकाका लागि कार्यक्रम तयार गर्नुपर्दछ। बाल श्रमिक र सडक बालबालिकाको सङ्ख्या निमिट्यान्न पार्ने लक्ष्यका साथ अघि बढ्न अब ढिला गर्नुहुँदैन।

३८. देश विकासमा युवाशक्ति महत्त्वपूर्ण सारथी हो। समाज र देशप्रति संवेदनशील र जिम्मेवार युवाको पहल र प्रयासबाट मात्र विकास प्रक्रियाले गति लिन्छ र निर्धारित लक्ष्यमा पुग्न सकिन्छ। देश र जनताप्रति समर्पित, भविष्यप्रति आशावादी लगनशील युवा तयार गर्न सरकारले लगानी गर्नुपर्दछ भन्ने मलाई लाग्दछ। युवाको ऊर्जालाई देशभित्र उपयोग गर्ने पर्याप्त अवसर तयार गर्न सरकार र निजी क्षेत्रको सहकार्य जरूरी हुन्छ। युवा शिक्षाका साथै स्वरोजगार र रोजगार तालिम विस्तार गरी तालिमप्राप्त युवालाई रोजगारी र उद्यम विकासका लागि वित्तीय पहुँचको सुनिश्चित गर्ने वातावरण तयार गर्नुपर्दछ।

३९. ज्येष्ठ नागरिकको सुरक्षा, सामाजिक मान्यता र पारिवारिक सौहार्द्र कायम गरी ज्येष्ठ नागरिकको अनुभव र सीपको सदुपयोग गर्नुपर्दछ। सन्तानले आमाबाबुप्रति पूरा गर्ने दायित्वलाई राज्यबाट प्रदान गरिने सेवासुविधासँग आबद्ध गर्नुका साथै स्थानीय तहको कम्तीमा वडास्तरमा ज्येष्ठ नागरिक मनोरञ्जन स्थल स्थापना गर्न सकिएमा ज्येष्ठ नागरिकले आफूलाई एक्लो महसुस गर्नुपर्ने थिएन।

**माननीय सदस्यहरू,**

४०. हामी सबैले भोगेकै कुरा हो — हाम्रा विकास आयोजना कार्यान्वयनको गति सुस्त छ। विकास आयोजनासँग सम्बद्ध बहुसरोकारवालाको संलग्नता, चासो र दबाब एकातिर छ भने अर्कोतिर विभिन्न कानूनी अस्पष्टताले यसमा ढिलाइ भइरहेको छ। यो समस्या निराकरणका लागि तत्काल सरकारले हस्तक्षेपकारी कानून निर्माण गरी कार्यान्वयनमा सहजीकरण गर्न जरुरी रहेको छ। अब बन्ने कानुनले खरिद प्रक्रिया, वन क्षेत्र र सार्वजनिक जग्गाको उपयोग, विनियोजन, जनशक्ति

व्यवस्थापन, ठेक्का व्यवस्थापन, कार्यसम्पादन स्तरसँग कर्मचारीको मूल्याङ्कनको आबद्धता, अन्तर निकाय समन्वय र आयोजना प्रमुखको जिम्मेवारी, अधिकार र प्रोत्साहनका बारेमा सहजीकरण गर्न सकोस्।

४१. पूर्वाधार निर्माणको गुणस्तरमा व्यापक सुधार गर्न सम्बद्ध सबै पक्षको ध्यान जानुपर्दछ। गुणस्तरीय पूर्वाधारको अभावमा अन्य क्रियाकलाप समेत सहज हुन सक्दैनन्। निर्माणमा मात्र होइन निर्माण सम्पन्न भएका पूर्वाधारको नियमित मर्मतसम्भार गर्न स्रोतसहितको कार्यतालिका बनाई कार्यान्वयन गर्न सरकारको ध्यान जाने नै छ। पूर्वाधार निर्माणमा देखिएको समन्वयको कमीलाई हल गरी एकै स्थलमा निर्माण हुने विभिन्न प्रकारका पूर्वाधारको एकीकृत रूपमा विकास गर्न आयोजनाको शुरुवातमै आपसी समन्वयको उपयुक्त संयन्त्र निर्माण गर्नु आवश्यक छ।

४२. पूर्वाधार आयोजनाको छनौट र निर्माणमा स्रोतको समुचित परिचालनमा ध्यान दिनुपर्दछ। प्रतिफल नदिने र आवश्यक अध्ययन विश्लेषणबिना कार्यान्वयन गरिने स-साना आयोजनाले एकातिर स्रोतको दुरुपयोगलाई बढावा दिन्छ भने अर्कातिर सोबाट अपेक्षित प्रतिफल पनि प्राप्त हुँदैन। यसरी प्रतिफलविनाका स-साना नयाँ आयोजनामा बजेट छुट्याउनुभन्दा विगतदेखि शुरु गरिएका आयोजनालाई निर्दिष्ट समयभित्रै सम्पन्न गर्ने गरी स्रोत व्यवस्थापन गर्नु श्रेयष्कर हुन्छ। सरकारले आगामी दिनमा यसअनुसार नै आफ्ना नीति तथा कार्यक्रम तय गर्नेछ भन्नेमा म विश्वस्त छु।

४३. राष्ट्रिय सुरक्षालाई केन्द्रमा राखी रणनीतिक पूर्वाधारका आयोजना छनौट र निर्माण गर्नुपर्दछ। सडकलाई सामान्य पूर्वाधारको रूपमा मात्र नलिई देशभरका नागरिकलाई एकताको सूत्रमा बाँध्ने, भावनात्मक रूपमा जोड्ने कडीका रूपमा लिई निर्माण गर्नुपर्दछ। सबै स्थानीय तहका वडा वडासम्म स्तरीय सडक सञ्जाल पुऱ्याउने, सडक निर्माणसँगै राज्यबाट प्रदान गरिने अन्य सेवालाई जोड्ने, उत्पादनका साधन उत्पादनस्थलसम्म पुऱ्याउन र उत्पादित सामग्री बजारसम्म पुऱ्याउन सहज हुने गरी यातायात विकास गर्ने, आम नागरिकलाई सहज र सुलभ ढङ्गले यातायात सुविधा पुऱ्याउने, निर्माणाधीन सडक पूर्वाधार निर्धारित समयभित्रै सम्पन्न गर्ने र सडक यातायातलाई भरपर्दो एवं सुरक्षित बनाउने कार्य हाम्रो प्राथमिकतामा पर्नुपर्दछ भन्ने मलाई लाग्दछ। आवश्यकता, औचित्य र दिगो सञ्चालनको सुनिश्चित गरेर मात्र पूर्वाधार निर्माणको खाका तयार गर्दा उपयुक्त हुन्छ।

४४. देशमा दिनदिनैजसो हुने सडक दुर्घटनाका कारण नागरिकले अकालमै मृत्यवरण गर्नुपरिरहेको वास्तविकतालाई गम्भीरतापूर्वक लिँदै सडक दुर्घटना नियन्त्रणका प्रभावकारी उपायहरू अवलम्बन गरेर नेपालको यातायात सेवा सुरक्षित छ भन्ने सन्देश दिन आवश्यक छ। सडक दुर्घटना न्यून गरी जनधनको सुरक्षा गर्न सरकारले प्रभावकारी उपायसहित आवश्यक कदम चाल्नुपर्दछ। हवाई यातायातलाई सर्वसुलभ बनाई थप सुरक्षित गर्नसमेत आवश्यक देखिन्छ।

४५. देश क्रमशः विद्युतमा आत्मनिर्भर हुँदै जानु खुशीको कुरा हो। आफ्नै स्रोतबाट ऊर्जा आपूर्ति नियमित हुनसक्नु निश्चय पनि गौरवको विषय हो। विद्युत उत्पादन, प्रसारण र वितरणको यथोचित समन्वयबाट विद्युतशक्तिको खपत वृद्धि गर्ने प्रभावकारी योजना तत्कालै कार्यान्वयनमा ल्याउनुपर्दछ। आयातित पेट्रोलियम पदार्थ एवं वनजन्य इन्धनमाथिको निर्भरता न्यून गर्दै घरायसी उपभोग, कृषि, उद्योग र सेवा क्षेत्रको आवश्यकता, यातायात तथा अन्य प्रयोजनमा विद्युत मागको यथार्थ विश्लेषण गरी उत्पादन र खपत वृद्धि तथा बचत हुने विद्युत निर्यातको कार्ययोजना बनाई अघि बढ्नुपर्दछ।

४६. नेपालको जलविद्युत उत्पादन नदीप्रवाहमा आधारित भएकाले वर्षायाममा बचत हुने तर सुक्खायाममा विद्युत अपुग हुने अवस्था छ। यसलाई समाधान गर्न ठूला जलाशययुक्त जलविद्युत आयोजना निर्माण गर्ने र अन्य स्रोतबाट उत्पादित विद्युतशक्ति समेत मिलाई ऊर्जा मिश्रणको अवधारणा लागु गर्नुपर्दछ। नदीप्रवाहमा आधारित जलविद्युत आयोजना निर्माणमा मात्र नभै जलाशययुक्त आयोजनामा लगानी बढाउँदै लैजान आवश्यक छ। नियमनको उपयुक्त व्यवस्था गरी प्रसारण लाइन निर्माण गर्ने र वितरण तथा व्यापारमा विविधीकरण गर्दै विद्युतलाई वर्षैभरि निर्यात योग्य बनाउन जरुरी छ।

**माननीय सदस्यहरू,**

४७. भौतिक पूर्वाधार निर्माण र विकास गर्दा त्यसबाट वातावरण र जैविक विविधतामा पर्ने प्रभावको गम्भीर अध्ययन गरी विकास र वातावरणबीच सन्तुलन कायम गर्नु आवश्यक छ। जलवायु परिवर्तनका असरहरू हामीले टड्कारो रुपमा देखिरहेका छौं। हाम्रा हिमश्रृङ्खलाहरूमा हिउँको मात्रा कम हुँदै जानु, पानीका मुहानहरू सुक्दैजानु, क्रमिक रूपमा तापमानमा बृद्धि हुँदैजानु, समय समयमा प्राकृतिक प्रकोपहरू आउनुले जनधनको ठुलो क्षति गरिरहेको छ। यसलाई सन्तुलनमा राख्नका लागि विपत न्यूनीकरणको लागि प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ। भौगर्भिक र भौगोलिक प्रणाली अनुकूल चुरे पहाड र भावर क्षेत्रका प्राकृतिक स्रोतहरू (भूमि, पानी, वन तथा

वनस्पति) जैविक विविधताको दिगो व्यवस्थापन सुनिश्चित गरी जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपबाट हुनसक्ने क्षति न्यूनीकरण गर्न ध्यान दिनु पर्दछ। जैविक तथा अजैविक विविधताको दिगो व्यवस्थापन सुनिश्चित गरी जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपबाट हुनसक्ने क्षति न्यूनीकरण गर्न र चुरेको उपल्लो तटमा एकीकृत जलाधार व्यवस्थापनको माध्यमबाट जैविक र अजैविक विविधताको संरक्षण गरी जलवायु परिवर्तनले गर्ने असरलाई कम गर्ने विषयमा ध्यान पुऱ्याउनु पर्दछ।

४८. कार्बन उत्सर्जन र जलवायु परिवर्तनमा नगण्य भूमिका हुँदा पनि नेपालले असन्तुलित रूपमा यसका प्रतिकूल असरहरू व्यहोर्नु परिरहेको हुँदा वातावरणीय सन्तुलन कायम राख्न र हरित अर्थतन्त्रको विकास गर्न क्षेत्रीय र विश्वव्यापी सहकार्य अगाडि बढाउनु आवश्यक छ। नयाँ शहरहरूको विकास तथा स्मार्ट सिटी निर्माण गर्दा आधारभूत आवश्यकताहरू पहिले नै तयार गरी आधुनिक सुविधायुक्त, स्वच्छ, सफा र सुन्दर शहरको रूपमा विकास गर्दै लानु आजको आवश्यकता हो। हाल काठमाडौं उपत्यकालगायतको शहरमा देखिएको वायु प्रदुषणले जनस्वास्थ्यमा असर गरिरहेको हाम्रो सामु टड्कारो छ। वायु प्रदुषण र ध्वनी प्रदुषण बेलैमा नियन्त्रण गर्नु जरुरी छ। यसको लागि सरकारले उपयुक्त कदम चाल्ने विश्वास लिएको छु। हाम्रो देश भूकम्पीय जोखिमयुक्त क्षेत्रमा अवस्थित भएकाले भौतिक पूर्वाधारको विकास गर्दा भूकम्प प्रतिरोधी संरचना निर्माणमा ध्यान दिनु पर्दछ।

४९. नेपालका हिमशृङ्खला, पारिस्थितिक प्रणाली र वनजङ्गलले जलवायु अनुकूलन र वातावरणीय सन्तुलनमा पुऱ्याएको विशिष्ट योगदानलाई विश्वसामु प्रस्तुत गर्नुपर्दछ। नेपालका हिमालहरूले पृथ्वीको तापमानलाई सन्तुलनमा राख्न, समुद्र स्वच्छ राख्न, हिमाल र समुद्रबीच जलस्रोतको अन्तरनिर्भरता कायम गर्न र विश्व जनसङ्ख्याको ठुलो हिस्सालाई खानेपानीको नियमित स्रोत उपलब्ध गराउन खेलेको भूमिकाको प्रतिफल अन्तर्राष्ट्रिय वित्तीय तथा प्राविधिक संयन्त्रबाट प्राप्त गर्न प्रयास गर्नुपर्दछ। नेपालको कार्बन प्रशोचन क्षमता अभिवृद्धि गरी कार्बन व्यापारबाट थप लाभ प्राप्त गर्न अधिकतम प्रयास गर्नुपर्दछ।

५०. प्राणी र वनस्पतिको अस्तित्व रक्षाको लागि जलाधार संरक्षणमा विशेष ध्यान दिनुपर्ने आवश्यकता छ। नदीहरूले स्वाभाविक मार्ग गुमाएको र जलप्रवाह अवरुद्ध भएका कारण विपद्का घटनामा वृद्धि भइरहेकोतर्फ हामी सबै सचेत हुनुपर्दछ। विपद्का अधिकांश घटना वातावरणसँग सम्बन्धित भएकाले वातावरण संरक्षण हाम्रो प्राथमिकतामा रहनुपर्दछ। नदीको प्रवाहक्षेत्रसमेत सुरक्षित गर्दै विपद् व्यवस्थापनको क्षमता वृद्धि गरी विपद्का कारण हुने क्षतिलाई न्यूनीकरण गर्नु आवश्यक

छ। विपद्को समयमा सबै संयन्त्र समन्वयात्मक र स्वचालित रूपमा सक्रिय हुने व्यवस्था मिलाई विपद् व्यवस्थापनसँग सम्बन्धित सामग्रीको पर्याप्त व्यवस्था, जनशक्ति र विपद् उद्धार क्षमताको विकासमा पर्याप्त ध्यान दिनुपर्ने देखिएको छ।

५१. नेपालले सदैव स्वतन्त्र र असंलग्न परराष्ट्र नीति अँगाल्दै आएको छ। नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाभिमान र सुरक्षा एवं राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर छिमेकी लगायतका सबै मित्रराष्ट्रहरूसँगको सम्बन्ध सुदृढ गर्दै लैजाने हाम्रो नीतिलाई निरन्तरता दिइनु पर्दछ। यही नै हाम्रो परराष्ट्र नीतिको मूल मर्म हो भन्ने मेरो बुझाइ छ।

**प्रतिनिधि सभाका सम्माननीय सभामुख,**
**राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष,**
**माननीय सदस्यहरू,**

५२. मैले आफ्नो सात वर्षको अनुभवमा देखेका केही मूल विषयहरू मात्र यहाँ राखेको छु। यीबाहेकका थुप्रै काम गर्नुपर्नेछ। वर्तमान सरकार गठन भएपछि सरकारले नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम अघि सारेको छ। ती विषयहरूलाई कार्यान्वयन गर्न सरकारले समयबद्ध कार्ययोजना पनि बनाइसकेको छ। यसलाई नतिजा प्राप्त हुने गरी तत्कालै कार्यान्वयनमा लैजानेछ भन्ने मेरो विश्वास छ। नेपाल सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्दा यी सबैलाई समेट्दै आवश्यक स्रोत व्यवस्थापन गर्ने नै छ भन्ने विश्वास लिएको छु।

५३. नागरिकको समृद्धि र विकासप्रतिको आकाङ्क्षा पूरा गर्न तीनै तहका सरकारका सबै संयन्त्र एक आपसमा समन्वय र हातेमालो गर्दै प्रतिबद्ध भएर लाग्नेछन् भन्ने मैले विश्वास लिएको छु। सरकारका कामकारबाहीमा सबै नागरिकबाट सकारात्मक सहयोग प्राप्त हुने अपेक्षा गर्दछु। नेपाल र नेपालीप्रतिको सद्भाव कायम राख्दै सरकारलाई मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट विगतमा झैं आगामी दिनमा पनि निरन्तर सहयोग उपलब्ध हुने विश्वास लिएको छु।

५४. अन्त्यमा, मेरो कार्यमा सहयोग पुऱ्याउने नेपाल सरकार, राजनीतिक दल, राष्ट्रसेवक एवं सुरक्षाकर्मी, सञ्चार माध्यम तथा सञ्चारकर्मीलगायत आम नेपाली नागरिकहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

धन्यवाद !